*अगस्त 2021 देखि सबै विद्यार्थीहरू भौतिक शिक्षणका लागि विद्यालयहरूमा उपस्थित हुने छन् भनेर निर्णय गरिएको छ ताकी एकसाथ दुईवटा शिक्षण पद्धति प्रयोग गर्नु नपरोस्; यद्यपि डिस्ट्रिक्टले परिवारहरूलाई भौतिक शिक्षणबाट बाहिर बसी भर्चुअल लर्निङको विकल्पमा सहभागी हुने विकल्प चयन गर्ने अवसर प्रदान गर्नेछ। भर्चुअल लर्निङको विकल्पले विद्यार्थीहरूलाई FLEX Academy, Georgia Virtual School मार्फत भर्चुअल शिक्षकहरूबाट वा स्कूल डिस्ट्रिक्टभरि निर्दिष्ट गरिएका भर्चुअल शिक्षकहरूबाट पढ्ने अवसर प्रदान गर्छ। अभिभावकहरूले **प्रत्येक** विद्यार्थीका लागि निर्णय लिनु पूर्व निम्न कुरा विचार गर्नु पर्दछ :*

- *तपाईंले आफ्नो विद्यार्थीलाई भौतिक शिक्षणबाट बाहिर राख्ने विकल्प रोज्नुभयो भने, तपाईंले कर्मचारी तथा समयतालिकाको कारण सेमेस्टर अवधिभरि आफ्नो निर्णय परिवर्तन गर्न पाउनु हुने छैन। तपाईंले नोभेम्बर 2021 मा दोस्रो सेमेस्टरका लागि आफ्नो बच्चाको शिक्षण पद्धतिलाई भौतिक शिक्षणमा परिवर्तन गर्ने अवसर पाउनु हुनेछ।*
- *भर्चुअल लर्निङ सबै विद्यार्थीका लागि उपयुक्त हुँदैन। केही विद्यार्थीहरू भर्चुअल लर्निङको वातावरणमा शैक्षिक रूपमा, सामाजिक रूपमा, वा भावनात्मक रूपमा राम्रोसँग अभ्यस्त हुन सकेनन्। शैक्षिक वर्ष 2021-2022 को लागि निर्णय लिनु पूर्व अभिभावकहरूले आफ्ना विद्यार्थीहरूले भर्चुअल लर्निङको वातावरणमा कस्तो सहभागिता देखाए र कस्तो प्रदर्शन गरे भनेर विचार गर्नु पर्दछ।*
- *माध्यामिक तथा उच्च विद्यालयका विद्यार्थीहरूले FLEX Academy, Georgia Virtual School मार्फत वा आफ्ना स्थानीय विद्यालयहरू वा डिस्ट्रिक्टभरिका निर्दिष्ट गरिएका FLEX शिक्षक मार्फत पाठ्यक्रमहरू लिन सक्छन्। नोट: अरू विद्यालयका शिक्षकहरूद्वारा विद्यार्थीहरूलाई अध्यापन गराइन सक्छ।*
- *आधारभूत विद्यालयका विद्यार्थीहरू निर्धारित शिक्षकहरूद्वारा विद्यार्थीहरूका विद्यालयहरूमा र स्कूल डिस्ट्रिक्टभरि उपलब्ध गराइने विद्यालयमा आधारित भर्चुअल लर्निङको पाठ्यक्रमहरूमा सहभागी हुने छन्।*
- *भर्चुअल पाठ्यक्रम भौतिक रूपमा विद्यालयमा उपस्थित हुने विद्यार्थीहरूलाई प्रदान गरिने पाठ्यक्रम भन्दा सीमित बन्न सक्छ। उदाहरणको लागि, भर्चुअल विद्यार्थीहरूका लागि International Baccalaureate, मोन्टेश्वरी, दोहोरो भाषाको कार्यक्रम, वैज्ञानिक उपकरण तथा प्रविधि (Scientific Tools and Techniques वा STT), Advanced Studies (विस्तृत अध्ययन), केही प्रकारका कलेज तहका पाठ्यक्रमहरू, विश्व भाषाका केही पाठ्यक्रमहरू, र प्रदर्शनमा आधारित केही पाठ्यक्रमहरू प्रदान गरिँदैन।*
- *कुनै परिवारले भर्चुअल लर्निङको विकल्प रोजेको खण्डमा, विद्यार्थीहरू अनिवार्य रूपमा प्रत्यक्ष शिक्षण (शिक्षकले नेतृत्व गरेको प्रत्यक्ष शिक्षण) र अप्रत्यक्ष शिक्षण (अनलाइन तर शिक्षकले नेतृत्व नगरेको अप्रत्यक्ष शिक्षण) मा सहभागी हुनु पर्दछ। दैनिक उपस्थिति जाँच गरिनेछ।*

*यो जानकारी Infinite Campus वा School Messenger को सूचना मार्फत **जून 25, 2021** मा परिवारहरूलाई पठाइनेछ। **आफ्ना विद्यार्थीहरूलाई भौतिक शिक्षणमा नराख्ने विकल्प चयन गरेका परिवारहरूले मात्र Infinite Campus (अभिभावक पोर्टल) मा उपलब्ध अनलाइन घोषणा फाराम पूरा गर्नु पर्दछ। यो फाराम बुझाउने अन्तिम म्याद: जुलाई 2, 2021, राती 11:59।***

तपाईंलाई सहयोग चाहिन्छ वा तपाईंसँग Infinite Campus को अभिभावक पोर्टलको खाता छैन भने, तपाईं कारोबार समयका दौडान 678-676- मा फोन गरेर स्थानीय विद्यालयलाई सम्पर्क गर्न सक्नुहुन्छ।

Infinite Campus मा अभिभावक पोर्टलको खाता बनाउनका निम्ति, तल प्रदान गरिएको लिङ्क चयन गर्नुहोस्:
https://www.dekalbschoolsga.org/infinite-campus/